**Butwal Campus Journal, Vol. 6, No. 1: 114-126, December 2023**
Research Management Cell, Butwal Multiple Campus, Tribhuvan University, Nepal
DOI: https://doi.org/10.3126/bcj.v6i1.62975

# नेपाली कथामा पर्यावरणीय सचेतता

**त्रिभुवन बरई**
*उपप्राध्यापक, भैरहवा बहुमुखी क्याम्पस*

*Article History: Received 02 November 2023; Reviewed 20 November 2023; Revised 15 December 2023; Accepted 21 December 2023*

## लेखसार

प्रस्तुत लेखमा पर्यावरणीय समालोचनाको सिद्धान्तको केन्द्रीयतामा नेपाली कथाको विश्लेषण गरिएको छ । नेपाली कथामा पर्यावरणीय सचेतताका केकस्ता अभिलक्षणहरूको प्रयोग गरिएको छ भन्ने अभीष्टको परिपूर्ति गर्नाका निम्ति यो अध्ययन गरिएको हो । पर्यावरणीय समालोचनाको सैद्धान्तिक पर्याधारलाई आधार मानी प्राथमिक एवम् द्वितीयक स्रोतका सामग्रीको उपयोग गरी निगमनात्मक, गुणात्मक र पाठविश्लेषणात्मक शोधविधि अपनाई यस लेखलाई परिपाकमा पुऱ्याइएको छ । पर्यावरणीय समालोचनाका प्रकृतिको मानवीकरण, उपभोक्तावादी संस्कृतिप्रतिको वितृष्णा र आध्यात्मिक जीवनपद्धतिप्रतिको अपेक्षा, पर्यावरणीय आचरण र व्यवहारप्रतिको प्रतिबद्धता तथा आतङ्क, हिंसा र वनफडानीप्रतिको तीव्र असन्तुष्टिजस्ता प्रारूपका आधारमा उक्त कथाहरूको मूल्याङ्कन यस लेखमा गरिएको छ र यस लेखको अन्त्यमा  समग्र प्राणी, वनस्पति र प्राकृतिक वस्तुको अस्तित्वसित सम्बद्ध पर्यावरणीय मुद्दाको अत्यन्त कलात्मक, जवाफदेही, दूरदर्शी र यथार्थपरक ढङ्गले अङ्कन गर्दै पर्यावरणलाई जोगाउन सके मात्र मान्छेको अस्तित्व र ज्ञानको सर्वोच्चता कायम हुन सक्ने विमर्श प्राप्त हुनुलाई निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ ।

**शब्दकुञ्जी** : अध्यात्मकेन्द्री, उपभोक्तावादी संस्कृति, पर्यावरणकेन्द्री, प्रकृतिको मानवीकरण, मानवकेन्द्री ।

## विषयपरिचय

पर्यावरणीय विषयवस्तुमा आधारित गुरुप्रसाद मैनालीको 'परालको आगो', भवानी भिक्षुको 'कुवा', सनत रेग्मीको 'वरपीपल', भाउपन्थीको 'बंसाको जङ्गलमा सिकार' तथा महेशविक्रम शाहको 'बुढो, जुरेली र काभ्रोको रुख' महत्त्वपूर्ण कथात्मक कृति हुन् । सरल जीवनशैली, पर्यावरणसंरक्षणकेन्द्री लोकव्यवहार, आध्यात्मिक जीवनपद्धति, सहरीकरण र आधुनिक संस्कृतिका साटो पूर्वीय ग्राम्य संस्कृति र परम्परित कृषिप्रणालीजस्ता वैशिष्ट्यले युक्त 'परालको आगो' कथाले पर्यावरणकेन्द्री गतिविधिलाई अपनाएको छ । पुँजीवाद, सहरीकरण, उपभोक्तावादी र औपनिवेशिकतावादी पश्चिमी संस्कृतिले पर्यावरणको संरक्षणलाई सर्वोपरि महत्त्व दिने पूर्वीय संस्कृति, आध्यात्मिक चिन्तन, परम्परित संस्कार, प्राकृतिक वस्तुको मानवीकरणजस्ता अभिलक्षणलाई किनाराकृत गर्न लागेको अवस्थाप्रति अत्यन्त चिन्ता प्रकट गरिएको तथा पर्यावरणसंरक्षणकेन्द्री पूर्वीय संस्कृति नै लोककल्याणकारी रहेको निष्कर्ष व्यक्त भएको 'कुवा' कथाले पर्यावरणको संरक्षणलाई आफ्नो आधार बनाएको छ । यसैगरी 'वरपीपल' कथाले प्राकृतिक वस्तुहरूमा देवीदेवताको रूप देख्ने, प्राकृतिक वस्तुहरूलाई मानवको रक्षक र उद्धारक ठान्ने, प्रकृतिको मानवीकरण गर्ने, प्रकृतिकै सान्निध्यमा जीवनयापन गर्नुपर्ने दृष्टिकोण अवलम्बन गर्ने, प्रकृति र मान्छेका

बिचमा अन्तर्सम्बन्ध देख्ने, पूर्वीय आध्यात्मिक संस्कृतिप्रति आस्था र विश्वास राख्नेजस्ता वातावरणसंरक्षणकेन्द्री प्रवृत्ति अवलम्बन गरेको छ भने 'बंसाको जङ्गलमा सिकार' कथाले वन्यजन्तु र वनका दृष्टिले निकै सम्पन्न रहेको मधेसको वन तीव्र रूपले फडानी तथा त्यस वनमा बसोवास गर्ने वन्यजन्तुको अधिक परिमाणमा सिकार गरी प्राकृतिक सौन्दर्यको विनाश गरिएको कुरालाई विषयवस्तु बनाउँदै पर्यावरणविरोधी वनफडानी र वन्यजन्तुको सिकारजस्ता क्रियाकलापलाई निरुत्साहित गरी पर्यावरणको संरक्षण गर्नुपर्ने अभिप्राय प्रस्तुत गरेको छ । त्यसैगरी 'बुढो, जुरेली र काफ्रोको रुख' कथा युवापुस्तामा बढ्दो सहरीकरण, उपभोक्तावादी र आधुनिकतावादी संस्कृतिप्रतिको आलोचनात्मक प्रस्तुति, मानवीय र मानवेतर प्राणी तथा प्राकृतिक वस्तुबिचको अन्तर्सम्बन्ध, पुरानो पुस्ताको सामान्य जीवनशैलीप्रतिको आकर्षणजस्ता विशेषताको अङ्कनमा केन्द्रित प्रकृतिको चेतनाले ओतप्रोत भएको उत्कृष्ट कथात्मक कृति हो । तथापि पर्यावरणसंरक्षणकेन्द्री मुद्दालाई सर्वोपरि महत्त्व दिने नेपाली साहित्यका उपर्युक्त कथाहरूका विषयमा गहन अध्ययन गर्नु आवश्यक देखिन्छ ।

पर्यावरणको संरक्षणलाई सर्वोपरि ठानी पारिस्थितिक प्रणालीलाई यथावत् राख्ने अभीष्टमा आधारित रही मानव र मानवेतर प्राणी, वनस्पति एवम् समग्र प्रकृतिको अस्तित्वको संरक्षण तथा तिनका बिचको अन्तर्सम्बन्धलाई आधार बनाई साहित्यिक कृतिको अध्ययन गर्ने सैद्धान्तिक पर्याधार नै पर्यावरणीय समालोचना हो । यस अध्ययन पद्धतिले समग्र वैश्विक जीवजन्तु र प्राकृतिक वस्तुको अस्तित्वरक्षा एवम् वातावरणीय सन्तुलनको मुद्दालाई कृतिविश्लेषणको केन्द्रीय अभीष्ट मान्दछ । यस अध्ययनले पर्यावरणसँग सम्बद्ध मुद्दा, विषय र समस्यालाई अत्यन्त संवेदनशीलता र जवाफदेहिताका साथ उठान गर्दछ । गद्यमा संरचित वस्तुजगत्को वास्तविकताको उद्घाटन गर्ने लघु आख्यानात्मक साहित्यिक कृति नै कथा हो । कथाको अध्ययन गर्ने एउटा सिद्धान्तका रूपमा पर्यावरणीय समालोचना रहेको छ । विधातत्त्व र स्वतन्त्र लेखनपद्धतिमा आधारित भई उपर्युक्त कथाहरूको केही अध्ययन गरिए पनि समग्र वैश्विक जगत्का प्राणी, वस्तु र प्रकृतिको अस्तित्वलाई सर्वोपरि ठान्ने तथा तिनको अन्तर्सम्बन्धलाई सर्वाधिक महत्त्व दिने पर्यावरणीय समालोचनाको सैद्धान्तिक केन्द्रीयतामा उक्त कथाहरूको अनुसन्धानमूलक अध्ययनको रिक्तता देखिएकाले उक्त रिक्तताको परिपूर्तिका निम्ति यो अध्ययन गरिएको हो । तसर्थ पर्यावरणीय समालोचनाको सैद्धान्तिक मान्यताका आधारमा नेपाली कथाहरूको मूल्याङ्कन गर्नुलाई यस लेखको मुख्य प्राज्ञिक समस्याका रूपमा वरण गरिएको छ । यसै समस्याको शोधपरक ढङ्गले अध्ययन गर्नाका निम्ति 'नेपाली कथामा पर्यावरणीय समालोचनाका केकस्ता अभिलक्षणहरूको प्रयोग गरिएको छ ?' जस्तो शोध्य प्रश्न तथा 'नेपाली कथामा अङ्कित पर्यावरणीय समालोचनाका अभिलक्षणहरूको मूल्याङ्कन गर्नु' जस्तो उद्देश्यकथनको निर्मिति गरिएको छ ।

मौलिक विश्लेषण पद्धति र वैश्विक कल्याणकारी अभीष्टमा आधारित भई पूर्णता प्राप्त गरेको प्रस्तुत लेखले स्रष्टालाई साहित्यको सिर्जना र द्रष्टालाई साहित्यिक कृतिको मूल्याङ्कन तथा पाठकलाई पर्यावरणीय सन्तुलन र संरक्षणकेन्द्री आचरण र व्यवहार वरण गर्ने कार्यमा सघाउने भएकाले पुस्तकालयीय प्रयोजनका दृष्टिले यस लेखको औचित्य सिद्ध हुन्छ । गुरुप्रसाद मैनालीको 'परालको आगो', भवानी भिक्षुको 'कुवा', सनत रेग्मीको 'वरपीपल', भाउपन्थीको 'बंसाको जङ्गलमा सिकार' तथा महेशविक्रम शाहको 'बुढो, जुरेली र काफ्रोको रुख' कथाहरूको मात्र अध्ययन गर्नुलाई यस लेखको कृतिगत क्षेत्र मानिएको छ भने पर्यावरणीय समालोचनाका प्रकृतिको मानवीकरण, उपभोक्तावादी संस्कृतिप्रतिको वितृष्णा र आध्यात्मिक जीवनपद्धतिप्रतिको अपेक्षा, पर्यावरणकेन्द्री आचरण र व्यवहारप्रतिको प्रतिबद्धता तथा आतङ्क, हिंसा र वनफडानीप्रतिको तीव्र असन्तुष्टिजस्ता अभिलक्षणहरूको

मात्र उपयोग गर्नुलाई प्रस्तुत लेखको सैद्धान्तिक क्षेत्रका रूपमा वरण गरिएको छ । उल्लिखित कथात्मक कृति र पर्यावरणीय अध्ययनका उपर्युक्त अभिलक्षणबाहेकका अन्य पक्षको अध्ययन नगरिनुलाई यस लेखको कृतिगत र सैद्धान्तिक सीमाका रूपमा अवलम्बन गरिएको छ ।

## अध्ययनविधि

प्रस्तुत लेखलाई पूर्णता प्रदान गर्नाका निम्ति अवलम्बित सामग्रीसङ्कलन, पर्यावरणीय समालोचनाको सैद्धान्तिक पर्याधार, अर्थापनको विधि र ढाँचाको उल्लेख निम्नअनुसार गरिएको छ :

### सामग्री सङ्कलन

पुस्तकालयीय स्रोतबाट  आवश्यक सामग्रीहरूको सङ्कलन गरिएको प्रस्तुत लेखको आधारभूत सामग्रीका रूपमा गुरुप्रसाद मैनालीको 'परालको आगो', भवानी भिक्षुको 'कुवा', सनत रेग्मीको 'वरपीपल', भाउपन्थीको 'बंसाको जङ्गलमा सिकार' तथा महेशविक्रम शाहको 'बुढो, जुरेली र काभ्रोको रुख' कथाको उपयोग गरिएको छ । सोद्देश्य नमुना छनोट विधिको प्रयोगका माध्यमबाट उपर्युक्त सामग्रीहरूको चयन गरिएको छ । यसैगरी यस लेखको सहायक सामग्रीका रूपमा पर्यावरणीय समालोचनाका सैद्धान्तिक पर्याधार एवम् अर्थापनको विधि र ढाँचाको निर्धारणका निम्ति विभिन्न लेखक तथा अध्येताद्वारा गरिएका पूर्वअध्ययनलाई उपयोगमा ल्याइएको छ ।

### सैद्धान्तिक पर्याधार

समग्र प्राणीजगत्, वनस्पति र प्रकृतिबिचको अन्तर्सम्बन्धलाई प्राथमिकता दिने, पारिस्थितिकी प्रणालीअनुकूलन आचरण र व्यवहारको अपेक्षा राख्ने तथा पर्यावरणीय संरक्षण र सन्तुलनकेन्द्री मानवीय गतिविधिलाई मात्र उचित ठहऱ्याउने लक्ष्यका साथ सन् १९८० को दशकमा अमेरिकामा स्थापित साहित्यिक कृतिको मूल्याङ्कन गर्ने सैद्धान्तिक पर्याधार नै पर्यावरणीय समालोचना हो । यस अध्ययनले धर्तीलाई यन्त्रको साटो जीवित प्राणीझैँ सावयव मान्ने, प्रकृतिप्रतिको मानवीय व्यवहार मान्छेले मान्छेसित गर्ने प्रेम, सहानुभूति र समझदारीमा आधारित हुनुपर्ने, पुँजीवादले केही मान्छेको जीवनस्तर उकासे पनि आम समुदायको जीवनस्तरलाई उकास्न नसकेको तथा आदिम जीवनबाट पाठ सिकी प्रकृतिसित समन्वय गरी उसकै नियमअनुसार जीवनयापन गर्नुपर्ने एवम् प्राणी र वातावरणलाई सहयात्री मान्नुपर्ने विचार प्रवाहित गरेको पाइन्छ (गौतम, २०६४, पृ. २०८) । यस सिद्धान्तले साहित्य र प्राकृतिक वातावरणबिचको अन्तर्सम्बन्धका विषयमा जोड दिन्छ ( एटम, २०७६, पृ. ३१२) । यस समालोचनाको प्रवर्तन अमेरिकामा अमेरिकी साहित्यिक अध्येता चेरिल ग्लोटफेल्टीद्वारा सन् १९८० को दशकमा गरिए पनि यस अध्ययनलाई विकसित र विस्तारित गर्ने कार्य सन् १९९० को दशकमा अमेरिका र बेलायतमा भएको हो (एटम, २०७४, पृ. १४७) । चेरिल ग्लोटफेल्टी र हैरोल्ड फोमद्वारा सम्पादित र सन् १९९६ मा प्रकाशित *द इकोक्रिटिसिज्म रिडर : लैन्डमार्क्स इन लिटरेरी इकोलोजी*लाई पर्यावरणीय समालोचनाको सैद्धान्तिक र प्रायोगिक आधारलाई अभिव्यक्त गर्ने आधारग्रन्थका रूपमा मानिन्छ । अठारौँ शताब्दीको मध्यदेखि विद्वान्हरूले वातावरणीय साहित्यको अध्ययनतर्फ ध्यान दिन आरम्भ गरे भने उन्नाइसौँ शताब्दीको प्रारम्भदेखि नै यस अभियानले बढी तीव्रता प्राप्त गरेको पाइन्छ (ग्लोटफेल्टी र हैरोल्ड फोम, सन् १९९६, पृ. xvii) । उक्त कृतिमा विज्ञान र प्रविधिको प्रयोगका माध्यमबाट प्राकृतिक प्रकोपहरूलाई नियन्त्रण गर्न नसकिने विचार व्यक्त गरिएको छ  (ग्लोटफेल्टी र हैरोल्ड फोम, सन् १९९६, पृ. १२) । यसैगरी उक्त कृतिमा मान्छेले आफ्नो इच्छाअनुसार प्रकृतिलाई झुकाउन नसक्ने विचार पनि प्रवाहित गरिएको छ (

ग्लोटफेल्टी र हैरोल्ड फ्रोम, सन् १९९६, पृ. ३०) । ग्रेग ग्रेरार्ड (सन् २००४) ले ग्राम्य जीवनशैली अपनाउने, भूमण्डलीय उष्मीकरण एवम् प्रदूषणजस्ता वातावरणीय मुद्दासँग सरोकार राख्ने, अचानकको सामाजिक एवम् जीवनशैलीगत परिवर्तन वरण नगर्ने व्यक्तिलाई पर्यावरणविद् मानेका छन् (पृ. १८) । उपर्युक्त अभिव्यक्तिले प्रकृति आफ्नै ढङ्गले गतिमान हुने तथा त्यसलाई मानवीय आवश्यकताअनुसार डोऱ्याउन नसकिने कुरालाई स्पष्ट पारिदिएका छन् । ग्लोटफेल्टी र फ्रोमको पुस्तकमार्फत सैद्धान्तिक पर्याधारका रूपमा स्थापित भई पूर्वीय र पाश्चात्य अध्ययनपरम्परामा स्थापित भएको यस समालोचनाको विकासमा अर्ने नेइस, अल्डो लियोपोल्ड, विलियम रुयेकर्ट, लरेन्स बुएल, ग्रेग ग्रेरार्ड, सर्पिल ओपरम्यान, फोस्टर, बर्केट, भाल प्लमवुड, करेन वारेन, वन्दना शिवा आदिले अहम् भूमिका वहन गरेका छन् ।

उत्तरआधुनिकतावाद, उत्तरसंरचनावाद, मार्क्सवाद, पर्यावरणीय मार्क्सवाद, गहन पर्यावरण, नारीवादी पर्यावरण, तेस्रो विश्व पर्यावरणवाद, स्वच्छन्दतावाद, हिन्दू, जैन र बौद्धजस्ता धर्म, अहिंसावाद, अध्यात्मवाद, भक्तिवाद, मानवतावाद, प्राणीविज्ञान, वनस्पतिविज्ञान, भूगर्भविज्ञान, जलवायु अध्ययनजस्ता पक्षले पर्यावरणीय समालोचनाको विकासमा सहयोग पुऱ्याएका छन् । मान्छेले अध्यात्मप्रतिको बेवास्ता, ईश्वरीय शक्तिको अस्वीकार गर्दै प्रेम, दया र करुणाजस्ता मानवीय मूल्यको अवमूल्यन गर्दै उपभोक्तावादी संस्कृति एवम् मान्छेलाई सर्वोपरि महत्त्व दिने आधुनिकतावादको विरोधी भएर जन्मेको उत्तरआधुनिकतावाद र संरचनावादको विरुद्धमा जन्मेको उत्तरसंरचनावादबाट आधार ग्रहण गर्दै पर्यावरणीय समालोचना अस्तित्वमा आएको हो । आधुनिकतावादले स्थापना गरेका बुद्धिवाद, विज्ञानवाद, उद्योगवाद र उपनिवेशवादले गरेको प्राकृतिक साधन र स्रोतको दोहन तथा पर्यावरणीय सन्तुलनमा पुऱ्याएको नकारात्मक प्रभावस्वरूप यस समालोचनाको उत्पत्ति भएको हो (गौतम, २०६४, पृ. २०७-२०८) । पुँजीवादको विकास प्रक्रियामा सम्पन्न औद्योगिक क्रान्ति र साम्राज्यवादको उदयसँगै प्रकृतिको दोहन एवम् पर्यावरणीय विनाशको प्रक्रिया तीव्र रूपले बढेको अवस्थाबाट संवेदनशील र चिन्ताशील भई पर्यावरणविनाशको वास्तविक अवस्था, विनाशका कारण र पर्यावरणसंरक्षणका उपायबारे वैचारिक क्षेत्रमा पर्यावरणीय दृष्टिकोणको विकास भएको हो (वैद्य, २०७७, पृ. २०) । मान्छेलाई प्राणीजगत्को एक अङ्गका रूपमा मात्र वरण गरी सबै वस्तुको मूल्यलाई सर्वोपरि महत्त्व दिँदै आधारभूत आवश्यकताको पूर्तिबाहेक मान्छेलाई प्राकृतिक विविधता र समृद्धिमा हस्तक्षेप गर्ने कुनै अधिकार नरहेको तथा आदर्शवादी मान्यतामा आधारित पर्यावरणीय चिन्तन नै गहन पर्यावरणीय चिन्तन हो । यस चिन्तनका संस्थापक आर्ने नायस हुन् (वैद्य, २०७७, पृ. २७) । प्रकृति र संस्कृति, नारी र पुरुष एवम् पूर्वेली र पश्चिमेलीजस्ता विरोधाभाषी पश्चिमी सांस्कृतिक तर्कले पश्चिमेलीद्वारा पूर्वीय, पुरुषद्वारा महिला र मानवद्वारा प्रकृतिमाथि हैकम चलाउने औपनिवेशिकताको विरुद्धमा भाल प्लमवुड, करेन वारेन, अरुन्धती रोय, वन्दना शिवाजस्ता चिन्तकको अगुवाइमा स्थापित पर्यावरणीय नारीवादले औपनिवेशिक, पितृसत्तात्मक र पर्यावरणीय शोषणको विरोध गर्दै नारीहरू पुरुषको दाँजोमा प्रकृतिको निकट रहेका तथा प्रकृति र मानवबिचको अन्तर्सम्बन्धलाई सम्मान र संरक्षण गर्नुपर्ने अवधारणा प्रस्तुत गरेको छ (उप्रेती, २०६९, पृ. ३१६-३१८) । यसैगरी साम्राज्यवादद्वारा गरिएको तेस्रो विश्वका देशका जङ्गल, जमिनको दोहन र मानिसको शोषणका विरोधमा जन्मिएको तेस्रो विश्वपर्यावरणवादले समेत पर्यावरणीय अध्ययनको विकासमा सघाएको छ (वैद्य, २०७७, पृ. २९) । त्यसैगरी ग्राम्य सभ्यतालाई मन पराउने, प्राकृतिक समृद्धिमा रमाउने र प्रकृतिको मानवीकरण गर्ने स्वच्छन्दतावाद, प्राकृतिक वस्तुहरूमा ईश्वरीय र दैवीशक्ति देख्ने, प्रकृतिलाई प्राणीजगत्को रक्षक र उद्धारक ठान्ने, प्राकृतिक वस्तुको मानवीकरण गर्ने, प्रकृतिकै सान्निध्यमा जीवनयापन गर्न खोज्ने र प्राकृतिक वस्तुको संरक्षणलाई सर्वोपरि महत्त्व दिने हिन्दू धर्म, हत्या र हिंसालाई

कुनै स्थान नदिने जैन र बौद्ध धर्म, प्राकृतिक वस्तुमै ईश्वरीय शक्ति देख्ने र प्रकृतिअनुसारकै जीवनशैली अपनाउने मान्यता राख्ने पूर्वीय संस्कृति आदिजस्ता विविध वाद, विचारधारा र अभियानले पर्यावरणीय समालोचनाको विकासमा अहम् भूमिका वहन गरेका छन् । मानवसभ्यताको प्रारम्भिक समयमा पूर्व र पश्चिम दुवैतिर प्रकृतिलाई देवीदेवताका रूपमा स्विकारेको पाइन्छ (त्रिपाठी, २०७०, पृ. ९४) । उपर्युक्त तथ्यहरूलाई आत्मसात् गर्दा पर्यावरणीय समालोचनाले विभिन्न वाद, अवधारणा, संस्कृति, अभियान आदिबाट प्रभावित र उत्प्रेरित भई आफूलाई सैद्धान्तिक पर्याधारका रूपमा स्थापित गरेको निष्कर्ष प्राप्त हुन्छ ।

समग्र प्राणी र वनस्पतिजगत्को अनुकूलनको अवस्थाको सिर्जना गर्न खोज्नु तथा पर्यावरणीय संरक्षण र सन्तुलनलाई सर्वाधिक महत्त्व दिनु नै पर्यावरणीय समालोचनाको केन्द्रीय मान्यता हो । कृष्ण गौतम (२०६४) ले पृथ्वीलाई जड र चेतनाको समग्रतामा लिनु, आत्मपरक ज्ञानलाई महत्त्व दिनु, मनुष्यकेन्द्रितका साटो जीवकेन्द्रित हुनु, प्राकृतिक वातावरणलाई बिग्रन नदिई जस्ताको तस्तै राख्नु, मान्छे र प्रकृतिको मेलमा जोड दिनु, जीवजन्तुको प्राकृतिक यथास्थितिलाई भत्कन नदिनु, पुराना जाति, जनजाति र आदिवासीको जीवनचर्याबाट पाठ सिक्नु, वैयक्तिक जीवनभन्दा सामूहिक र सहयोगी जीवनको गौरव बुझ्नु, विविधतामा, जैवक्षेत्रीयतावादमा, जातजातिका विभिन्न झाँकी र रमझममा ध्यान दिनु, हिंसा, प्रदूषण, आतङ्कको विपक्षमा रहनु, प्रेम र शान्तिको पक्षमा उभिनु, ओजेन तहको भ्वाङ, हरितगृह प्रभाव आदि विश्वव्यापी विगारमा सचेतता राख्नु, प्राकृतिक सङ्घर्ष, प्राकृतिक वितरण एवम् प्राकृतिक सन्तुलनमा जिज्ञासा राख्नु आदिलाई पर्यावरणीय समालोचनाका प्रमुख मान्यता मानेका छन् (पृ. २११) । यसैगरी नेत्र एटम (२०७६) ले पुँजीवादी संस्कृतिप्रति आलोचनात्मक र महाआख्यानको पक्षधरका रूपमा देखिनु, मातृभूमि प्रेमलाई सर्वोपरि ठान्नु, विविधतालाई महत्त्व दिए पनि मूल्याङ्कनको एकीकृत प्रणाली अपनाउनु, नियमबद्धता, नैतिक प्रणालीगत व्यवहार, संयमित उपभोग आदिलाई प्राथमिकता दिनुजस्ता पर्यावरणीय समालोचनाका प्रमुख वैशिष्ट्यका रूपमा प्रस्तुत गरेका छन् (पृ. ३१८-३२०) । यस अध्ययनले पशुअधिकारका विषयमा विधिकीय चिन्तन उदार हुनुपर्ने तथा पर्यावरणसंरक्षणका निम्ति कानुनको विशिष्ट तर्जुमा आवश्यक मान्छ (गौतम, २०६७, पृ. ३१०) । उपर्युक्त विचारलाई अवलम्बन गर्दा सम्पूर्ण प्राणी र वनस्पतिजगत्को अस्तित्वरक्षा, पर्यावरणीय संरक्षण र सन्तुलन, पारिस्थितिकी प्रणालीको सुगम निरन्तरता, मानव र मानवेतर प्राणी, वनस्पति एवम् प्रकृतिबिचको अन्तर्सम्बन्धको सर्वोपरिता, प्रकृतिविरोधी आचरण र व्यवहारप्रतिको अस्वीकारोक्ति, प्राणीमोह, प्रकृतिप्रेमी र सामान्य जीवनपद्धतिप्रतिको तीव्र चाहना, स्वअनुशासन, नैतिकता, आध्यात्मिकता, शान्ति, मानवता, विश्ववन्धुत्व, जवाफदेहिता, दूरदर्शिता, विविधता आदिप्रति चरम विश्वास, अन्तरविषयात्मकतालाई वरण गर्नु तथा हिंसा, आतङ्क, युद्ध, प्रदूषण आदिप्रति विमति जनाउनुजस्ता पर्यावरणीय समालोचनाका प्रमुख मान्यता रहेको तथ्य प्राप्त हुन्छ ।

पर्यावरणीय समालोचनाका कोणबाट साहित्यिक कृतिको अध्ययन गर्दा अवलम्बन गरिने मानदण्डका विषयमा अध्येताहरूले आआफ्ना तर्क प्रस्तुत गरेका छन् । बुएलले कुनै पनि साहित्यिक कृति वातावरणमैत्री भएनभएको कुराको निर्धारण मानवेतर वातावरणलाई रचनाको ढाँचा दिनाका निम्ति मात्र प्रस्तुत नगरिएको, मानवीय अभिरुचि र आवश्यकतालाई मात्र तर्कसङ्गत नमानिएको, वातावरणप्रतिको मानवीय उत्तरदायित्वलाई कृतिको नैतिक अभिमुखीकरणको अङ्ग स्विकारिएको तथा कृतिमा वातावरण पनि एक व्यवस्थित कमका रूपमा प्रयोग गरिएको हुनुपर्नेजस्ता चारओटा मानदण्डका आधारमा गर्नुपर्ने तर्क प्रस्तुत गरेका छन् (एटम, २०७६, पृ. ३१९ मा उद्धृत) । यसैगरी ग्लोटफेल्टीले पद्धतिका रूपमा मानवीय संस्कृति र भौतिक जगत्को सम्बन्ध एवम एकअर्कालाई पार्ने प्रभाव, विषयवस्तुका रूपमा प्रकृति

र संस्कृतिको अन्तर्सम्बन्ध विशेष गरी भाषा र साहित्यमा पाइने सांस्कृतिक शिल्पकृति तथा सैद्धान्तिक सङ्कथनका रूपमा मानव र मानवेतरको व्यवस्थाजस्ता तीनओटा पक्षलाई आधार बनाई पर्यावरणीय अध्ययनका कोणबाट साहित्यिक कृतिको मूल्यनिरूपण गर्नुपर्ने विचार व्यक्त गरेका छन् ( एटम, २०७६, पृ. ३१९ मा उद्धृत) भने ग्रेग ग्रेरार्ड (सन् २००४) ले प्रदूषण, वातावरणको केन्द्रीयता, ग्राम्यता, जङ्गलसम्बद्धता, सर्वनाश, जीव, पृथ्वीजस्ता मानदण्ड अपनाई पर्यावरणीय ढङ्गले कृतिको अध्ययन गर्न सकिने प्रारूपको सविस्तार उल्लेख गरेका छन् (पृ. १-१६०) । त्यसैगरी कृष्ण गौतम (२०६४) ले सार्वभौमभन्दा क्षेत्रीयता र स्थानीयता, जीवनशैलीगत विविधता, प्राणी र वातावरणीय सम्बन्ध, वातावरणीय पहिचानजस्ता पक्षलाई आधार बनाई कृतिको अध्ययन गर्न सकिने विचार प्रस्तुत गरेका छन् (पृ. २०९) भने गीता त्रिपाठी (२०६९-०७०) ले बाढी पहिरोको त्रासदी र माटोको उर्वराशक्तिको विनाश, जलप्रदूषण र सुख्खापनबाट सिर्जित विस्थापन, वायु प्रदूषण, ध्वनिगत विकार र स्वास्थ्यसङ्कट, हरियाली प्रकृतिको विनाशले ल्याएको सङ्कट तथा पशुपन्छी र प्राणीका जीवनमा सङ्कटजस्ता मानकका आधारमा नेपाली कविताको पर्यावरणीय अध्ययन गरेकी छन् (पृ. ४-१४) । उपर्युक्त अभिमतलाई समेत दृष्टिगत गर्दा प्रकृतिको मानवीकरण, उपभोक्तावादी संस्कृतिप्रतिको वितृष्णा र आध्यात्मिक जीवनपद्धतिप्रतिको अपेक्षा, आतङ्क, हिंसा र वनफडानीप्रतिको तीव्र असन्तुष्टि, पर्यावरणकेन्द्री आचरण र व्यवहारप्रतिको प्रतिबद्धताजस्ता मानकको अवलम्बन गरी पर्यावरणीय समालोचनाका दृष्टिले साहित्यिक कृतिको मूल्याङ्कन गर्न सकिने आधार प्राप्त हुन्छ ।

### अर्थापनको विधि र ढाँचा

निगमनात्मक, पाठविश्लेषणात्मक र गुणात्मक शोधविधिको उपयोगका माध्यमबाट प्रस्तुत अध्ययनलाई पूर्णता प्रदान गरिएको छ । पर्यावरणीय समालोचनाका स्थापित सिद्धान्तलाई आधार बनाई सम्बद्ध पाठबाट तथ्य र साक्ष्य खोजी व्याख्या र विश्लेषण गर्दै यस लेखलाई पूर्णता प्रदान गरिएको तथा प्रस्तुत लेख बहुसत्यमा आधारित भएकाले यस अध्ययनमा निगमनात्मक, पाठविश्लेषणात्मक र गुणात्मक शोधविधिको प्रयोग गरिएको कुरा स्पष्ट हुन्छ । प्रस्तुत लेखमा विश्लेष्य कृतिका अर्थापनको ढाँचाका रूपमा प्रकृतिको मानवीकरण, उपभोक्तावादी संस्कृतिप्रतिको वितृष्णा र आध्यात्मिक जीवनपद्धतिप्रतिको अपेक्षा, पर्यावरणकेन्द्री आचरण र व्यवहारप्रतिको प्रतिबद्धता तथा आतङ्क, हिंसा र वनफडानीप्रतिको तीव्र असन्तुष्टिजस्ता सूचकको उपयोग गरिएको छ ।

## विमर्श र परिणाम

नेपाली कथामा अङ्कित पर्यावरणीय सचेततासम्बन्धी विषयवस्तुको अध्ययन र विश्लेषणबाट प्राप्त नतिजा र विमर्शको प्रस्तुति तलका उपशीर्षकहरूमा गरिएको छ :

### प्रकृतिको मानवीकरण

प्रकृतिको मानवीकरणका माध्यमबाट नेपाली कथामा पर्यावरणसंरक्षणकेन्द्री विमर्श सञ्चार गर्न खोजिएको छ । प्राकृतिक वस्तुमा मानवको प्रतिबिम्व देख्नु नै प्रकृतिको मानवीकरण हो । यस अवधारणाले मान्छेलाई प्राकृतिक वस्तुसित मानवझैँ व्यवहार गर्न अभिप्रेरित गर्दछ । प्रकृतिमा मानवको प्रतिबिम्व देख्ने व्यक्तिले प्रकृतिको संरक्षणमा विशेष ध्यान दिन्छ । भवानी भिक्षुको 'कुवा' कथामा कुवालाई प्रेमी, बारी ( आँपे बगैँचा) लाई प्रेमिका, चराका बचेरालाई छोराछोरी, नातिपनाति, पोथी भ्यागुतालाई भ्यागुती (

स्त्रीकरण) को संज्ञा दिइएको छ । कुवा र बारीलाई मानवका रूपमा प्रस्तुत गर्दै तिनलाई पात्रका रूपमा उभ्याई तिनका बिचमा संवाद सम्पन्न गराई मानवीय व्यवहारको उद्घाटन उक्त कथामा गरिएको छ । मान्छेले पहिला कुवा खनाएको, कुवाको सेरोफेरोमा वृक्षारोण गरी बगैँचा लगाएको, मानवसमाजले कुवा र बारीप्रति असीम श्रद्धा प्रकट गरेको, कुवा र बारीलाई एकअर्काको प्रेमीप्रेमिका मानी तिनका बिचमा निकट भविष्यमा वैदिक विधिबमोजिम विवाह सम्पन्न गर्ने बाचा गरेकोजस्ता कुराहरूदेखि आधुनिकीकरण, सहरीकरण र उपभोक्तावादी संस्कृतिको बढ्दो प्रभावका कारण मान्छे स्वार्थी र मानवकेन्द्री प्रवृत्ति वरण गर्दै कुवाका साटो नलकाको व्यवस्थापन गर्न थालेको तथा तीव्र रूपले बगैँचा फडानी गर्न लागेको, कुवा र बगैँचाको अस्तित्व सङ्कटमा परेकोलगायतका पक्षहरूको उद्घाटन कुवा र बारीका बिचमा सम्पन्न वार्तालापका माध्यमबाट गरिएको छ । यस कथाको “हरेक वसन्तमा अझै पनि गुलाफी, रेसमी, हरिया सारी लाउने, सिउरमा कल्की घुसार्ने, श्यामरहित गाजलु हुने, हावामा अत्तरको वास उडाउँदै फर्फराउने खालकी तिमीजस्तो त म होइन नि” (भिक्षु, २०३२, पृ. ९५) ले प्रकृति (बगैँचा) मा मानवीय परिधान र व्यवहारको आरोपण गरिएको कुराको पुष्टि गरेको छ । प्रस्तुत कथाको पुरुषपात्र कुवाले “अस्ति मात्रै सुनेको के त, मलाई सके पाटिदिने, नभए मेरो मुखै थुन्दिने विचार मानिसहरूले गरिरहेका छन्” (भिक्षु २०३२, पृ. ९५) ले कुवाको अस्तित्व सङ्कटमा परेको तथा “आर्यावर्तैमा हरिया रुख फल नदिने भए पनि काट्ने चलन छैन । काट्नै परे पाप लाग्छ है भन्ने भावबोध अन्तर्प्राणमा एक पटक नचियाई छोड्दैन” ( भिक्षु, २०३२, पृ. ९६) ले प्रकृतिको मानवीकरण गरिएका कारण परम्परित समाजले वनस्पतिमा समेत प्राणको अनुभूति गरी प्राणहत्या गर्न नहुने, हरियो रुख काट्नै नहुने, काटे पाप लाग्नेजस्ता मानवोचित व्यवहार गरेको कुराको पुष्टि गरेको छ ।

महेशविक्रम शाहको ‘बुढो, जुरेली र काभ्रोको रुख’ कथाको प्रमुख पुरुषपात्र बुढो रणवीर बुढो जुरेलीलाई दाना खान दिने, पानी पिउन दिने, बुढो जुरेली नदेखिँदा दुःख मान्ने, जुरेलीको प्रतिक्षामा राति ननिदाईकन बस्ने, बुढो जुरेली थुप्रै जुरेलीका साथ फर्कदा एकदमै प्रसन्न हुने, काभ्रोको रुखलाई अँगालो हाल्ने, म्वाइँ खाने, रुखलाई सुम्सुम्याउने तथा बुढो जुरेली रणवीरको काँधमा बस्ने, उनको गालामा ठुङ्नेजस्ता कार्यले मानवेतर प्राणी र वनस्पतिजगत्लाई मानवबाट मानवोचित व्यवहार आवश्यक रहेको कुरालाई स्पस्ट्याएको छ । प्रस्तुत कथाको “मैले काभ्रोको रुख र जुरेलीका रूपमा निःश्वार्थ र उदार मित्रहरू भेट्टाइसकेको छु” (शाह, २०६८, पृ. ३८) जस्तो रणवीरको अभिव्यक्तिले मान्छे, मानवेतर प्राणी र वनस्पतिका बिचमा मित्रताको भाव देखाई प्रकृतिको मानवीकरण गरिएको कुरालाई प्रमाणित गरिदिएको छ । यसैगरी सनत रेग्मीको ‘वरपीपल’ कथामा राप्ती नदीलाई गङ्गेमाता, सूर्यलाई नारायणदेव र पीपललाई बरम् (यथा) को संज्ञा दिइएको छ । उपर्युक्त तथ्यहरूलाई दृष्टिगत गर्दा पर्यावरणीय अध्ययनले मानवेतर प्राणी र वनस्पतिजगत्लाई मानवीय व्यवहार र संरक्षणको अत्यन्त आवश्यकता रहेको तथा मान्छेले प्राकृतिक वस्तु र मानवेतर प्राणीमा समेत मानवीय प्रतिबिम्व र संवेदना देखी मानवोचित व्यवहार गर्दा पर्यावरणीय सन्तुलन कायम हुने कुराको अपेक्षा राखेजस्तै नेपाली कथाहरूले मानवेतर प्राणी, वनस्पति र प्राकृतिक वस्तुमा मानवीय व्यवहारको आरोपण गर्नुका साथै मानवोचित व्यवहार अङ्कन गरेको जानकारी प्राप्त हुन्छ । तथापि नेपाली कथाले प्रकृतिको मानवीकरणका माध्यमबाट मानव, मानवेतर प्राणी र वनस्पति तथा प्रकृतिबिचको अन्तर्सम्बन्धको द्योतन गर्दै मानव समाजलाई पर्यावरणसंरक्षण र सन्तुलनकेन्द्री आचरण र व्यवहार अवलम्बन गर्नाका निम्ति अभिप्रेरित गर्न खोजेको कुरा स्पष्ट हुन्छ ।

## उपभोक्तावादी संस्कृतिप्रतिको वितृष्णा र आध्यात्मिक जीवनपद्धतिप्रतिको अपेक्षा

नेपाली कथामा उपभोक्तावादी संस्कृतिप्रतिको वितृष्णा र आध्यात्मिक जीवनपद्धतिप्रतिको अपेक्षाको भाव प्रकट गरिएको छ । आधुनिकता र सहरीकरणबाट पूर्ण प्रभावित रहेको उपभोक्तावादी संस्कृति संयमता, सन्तुलन र दूरदर्शितालाई किनाराकृत गर्दै तात्कालिक आवश्यकताको यथाशीघ्र पूर्ति एवम् सुखसुविधाको खोजीमा भौतारिन्छ । यस संस्कृतिको प्रभावले एकातिर मानवीय जीवनपद्धतिलाई खर्चिलो, जटिल, कृत्रिम र मानवकेन्द्री बनाउँछ भने अर्कोतिर मान्छेलाई अल्पसमयमै अर्थोन्नतिका निम्ति भ्रष्टाचार, प्राकृतिक सम्पदाको चरम दोहन, वन्यजन्तुको सिकार, अवैध व्यवसाय आदिको वृद्धिमा सहयोग पुऱ्याउँछ । यस्ता गतिविधिले एकातिर मानव, मानवेतर प्राणी र वनस्पतिजगत्बिचको अन्तर्सम्बन्धलाई ह्रासोन्मुख अवस्थामा पुऱ्याउनुका साथै वातावरणीय सन्तुलनमा अवरोध निम्त्याउँछन् भने अर्कोतिर विभिन्न प्राकृतिक प्रकोप, प्रदूषण, दुर्घटना, जलवायुपरिवर्तन आदिको सिर्जना गर्दछन् । पर्यावरणीय अध्ययनले यस्तो पर्यावरणविरोधी सांस्कृतिक गतिविधिप्रति विमति जनाउँछ । नेपाली कथामा यस्ता वातावरणविरोधी उपभोक्तावादी संस्कृतिप्रति वितृष्णा व्यक्त गरिएको छ । उपभोक्तावादी संस्कृतिको प्रभाव बढ्दै जाँदा परम्परागत रूपमा कुवा खनाउने, कुवाको सेरोफेरोमा बगैँचा लगाउने, कुवाको पानीलाई पेयजल र सिचाइँका रूपमा प्रयोग गर्ने, कुवा र बारीलाई आफ्नै सन्तानसरह मानी विवाह गराउने, बीउ छर्दा कम परिमाणमा उम्रिए पनि त्यसकै संरक्षणमा विशेष ध्यान दिनेजस्ता पर्यावरणसन्तुलनकेन्द्री व्यवहारलाई निरुत्साहित गर्दै कुवाको तुलनामा बढी खर्चिलो मानिने र प्राकृतिक सम्पदाको दोहन एवम् औद्योगिकीकरण प्रक्रियाबाट निर्मित नलकाको व्यवस्थापन गर्ने, बीउ कम उम्रँदा पुनः खनजोत गरी बीउ छर्ने, वृक्षारोपण नगर्ने तर रुख काट्ने कार्यतर्फ सधैँ तत्पर रहनेजस्ता पर्यावरणविरोधी गतिविधिप्रति विमति जनाउने काम भवानी भिक्षुको 'कुवा' कथामा गरिएको छ । प्रस्तुत कथाको "....ऊ प्रगतिको सभ्यताले कराएको नलको स्वाँस्वाँ सुनिनौ खोको सुर ? अहिलेसम्म ऊ सुक्खै थियो, अब पानी दिने फुर्ति गर्न थालेको छ"(भिक्षु, २०३२, पृ. ९८) भन्ने कथांशले प्राकृतिक सन्तुलनकेन्द्री कुवाको साटो बढी कृत्रिमतायुक्त, खर्चिलो र उपभोक्तावादी संस्कृतिबाट प्रेरित नलकाको बढ्दो प्रयोगप्रति असन्तुष्टि जनाएको छ । यसैगरी भाउपन्थीको 'बंसाको जङ्गलमा सिकार' कथामा उपभोक्तावादी संस्कृतिको बढ्दो प्रभावका कारण तीव्र रूपले गरिएका तराईका वनफडानी र वन्यजन्तुको सिकार र निकासीप्रति असन्तुष्टि व्यक्त गरिएको छ भने महेशविक्रम शाहको 'बुढो, जुरेली र काभ्रोको रुख' कथामा पुरानो पुस्ता प्रकृतिप्रति जवाफदेही देखिए पनि नयाँ पुस्ता उपभोक्तावादी संस्कृतिको प्रभावका कारण सम्पन्नता र आधुनिक सुविधाका निम्ति गाउँ छोडी सहरतर्फ बसाइ सरेको गतिविधिप्रति व्यङ्ग्य प्रहार गरिएको छ । उल्लिखित तथ्यलाई सामान्यीकरण गर्दा नेपाली समाज दिनप्रतिदिन उपभोक्तावादी संस्कृतिप्रति आकर्षित हुँदै गएको, पर्यावरणकेन्द्री व्यवहार त्याग्दै गएको एवम् यस्तो संस्कृतिका कारण दिनप्रतिदिन वातावरणीय सङ्कट र चुनौती बढ्दै गइरहेको अवस्थाप्रति चिन्ता र चासो व्यक्त गरिएको जानकारी प्राप्त हुन्छ ।

नेपाली कथामा पर्यावरणीय सन्तुलन र संरक्षणकेन्द्री दृष्टिकोणलाई आध्यात्मिक जीवनपद्धतिप्रतिको अपेक्षाका माध्यमबाट अभिव्यक्त गरिएको छ । अध्यात्ममा आस्था र विश्वास राख्ने व्यक्तिहरू हरेक प्राणी, वनस्पति र प्राकृतिक वस्तुलाई अत्यन्त महत्त्व प्रदान गरी तिनप्रति मानवीय व्यवहार गर्दछन्, प्रकृतिलाई सृष्टिकर्ताको संज्ञा दिन्छन्, कतिपय वनस्पति र प्राकृतिक वस्तुलाई देवीदेवताका रूपमा वरण गरी तिनलाई प्राणीजगत्को उद्धारक र समग्र संसारको रक्षक मान्दछन् । यस्तो धारणाले मानवलाई सर्वश्रेष्ठ प्राणी नमानी प्रकृति र ईश्वरलाई सर्वश्रेष्ठ मान्ने, सांसारिक विविधतालाई मूल्यवान् ठान्ने तथा मानवीय

र मानवेतर प्राणी, वनस्पतिजगत्, नदी, सूर्य, चन्द्रमा आदि प्राकृतिक वस्तुलाई विशेष महत्त्व दिन्छ । यस्तो आध्यात्मिक चिन्तनले मान्छेलाई अनुशासित, नियन्त्रित र संवेदनशील बनाई कुनै पनि कार्य गर्दा त्यस कार्यबाट उत्पन्न हुन सक्ने सकारात्मक र नकारात्मक परिणामका विषयमा सोच्न बाध्य गराउँछ, व्यक्ति पाप गर्न डराउँछ र पुण्यआर्जनमा बढी ध्यान दिन्छ । यस्तै जीवनपद्धतिको अपेक्षा नेपाली कथामा गरिएको छ । परम्परित नेपाली समाजमा कुवा खनाउने, कुवाको केन्द्रीयतामा बगैँचा लगाउने, तुलसी, निम र विभिन्न फलफूलका बिरुवा लगाउने, मन्दिर बनाउने, धार्मिक कार्य सम्पन्न गर्ने, कुवा र बगैँचाका बिचमा वैदिक परम्पराअनुसार विवाह सम्पन्न गराउने, विवाह नगर्दासम्म रुखको फलसमेत नखाने, रुख काट्दा ठुलो पाप लाग्ने र अनिष्ट हुन सक्ने कुरामा विश्वास गर्नेजस्ता पक्षहरूको वर्णन भवानी भिक्षुको 'कुवा' कथामा गरिएको छ । यसैगरी सनत रेग्मीको 'वरपीपल' कथामा पीपललाई बरम्, सूर्यलाई नारायण, राप्ती नदीलाई गङ्गामाताको रूपमा वरण गरिएको छ । गाउँकै इतिहासलाई द्योतन र गाउँलेको संरक्षण गर्ने लक्ष्यका साथ वर र पीपलको विरुवा रोपिएको, तिनकै सेरोफेरोमा वस्ती बसालिएको, ती दुई रुखबाट त्यस वस्तीको नाउँ दुपेडवा राखिएको, गाउँलेमाथि आइपर्ने हरेक सङ्कट र विषम परिस्थितिको समाधान पीपलरूपी बरम्देव, सूर्यरूपी नारायणदेव तथा ममतामयी माता राप्ती गङ्गादेवीले गर्ने जनविश्वास र आस्था गाउँलेहरूमा रहेको कुराको अङ्कन उक्त कथामा गरिएको छ । वरपीपलको महिमाबाट प्रभावित भई योगधारण गर्ने र तिनकै तल आफ्नो कुटिया बनाउने यस कथाका प्रमुख पात्र पिरथी भगतले प्रत्येक दिन बिहानै उठी राप्ती नदीमा नुहाई गङ्गामातासित प्रार्थना गर्ने, त्यही ठाउँबाट सूर्यलाई जल चढाई तिनको प्रार्थना गर्ने, पित्तलको बाल्टिनमा पानी भरी पीपलको फेदमा अर्पण गर्दै गाउँको रक्षाका निम्ति प्रार्थना गर्नेजस्ता आध्यात्मिक कार्यलाई आजीवन निरन्तरता दिइरहन्छन् । तीन दिनरातको अविरल बर्षाका कारण वरिपरिका सबै गाउँ डुबानमा पर्दासमेत दुपेडवा गाउँलाई पीपलरूपी बरम्देवले ठुलो प्राकृतिक विपत्तिबाट जोगाई रक्षा गरेको जनविश्वास कथामा निम्नअनुसार प्रस्तुत गरिएको छ :

> सबै गाउँले वरपीपलको तल उभिएर प्रार्थना गरिरहेका थिए, "हे बरम् बाबा ! यो गाउँको रक्षक तिमी नै हौ । राप्ती मैयाँको प्रकोपबाट गाउँको रक्षा गर ।" राप्ती वरपीपलको छेउसम्मको कगार काटेर शान्त भइन् । बाढीको पानी घट्दै गयो । ....राप्तीले वरपीपललाई डुबाएर अघि बढ्न सकिनन्, झन् अर्को वर्षदेखि त राप्ती आफ्नो धारा छोडेर पूर्वतिर लागिन् र झन्डै एक कोस पूर्व सरेकी छिन् । ( रेग्मी, २०५१, पृ. २७)

दुपेडवा गाउँका मानिसहरू पूर्ण रूपले ईश्वरीय शक्तिमा आस्था र विश्वास राख्नुका साथै प्राकृतिक वस्तुहरूलाई देवीदेवताका रूपमा वरण गर्दै तिनलाई आफ्ना उद्धारक र रक्षक मानेको तथा प्रकृति र मानवका बिच अत्यन्त सामीप्य रहेको तथ्यलाई उक्त कथांशले स्पस्ट्याइदिएको छ । यस कथांशले पर्यावरणको केन्द्रीयतालाई कायम गरेको छ । उपर्युक्त तथ्यहरूलाई आत्मसात् गर्दा नेपाली कथामा उपभोक्तावादी संस्कृतिप्रति वितृष्णा र आध्यात्मिक जीवनपद्धतिप्रतिको अपेक्षा राख्दै पर्यावरणीय सन्तुलनकेन्द्री सचेतताको सञ्चार गर्न खोजिएको निष्कर्ष प्राप्त हुन्छ ।

## पर्यावरणकेन्द्री आचरण र व्यवहारप्रतिको प्रतिबद्धता

नेपाली कथामा पर्यावरणकेन्द्री आचरण र व्यवहारप्रतिको चाहनाका माध्यमबाट पर्यावरणसम्बन्धी सचेतताको उद्घोष गरिएको छ । सामान्य जीवनशैली अपनाउने, घरपालुवा जनावर पाल्ने, घाँस काट्ने, गाईभैँसी चराउने, गोरुले खेत जोत्ने, पधँरामा पानी भर्ने, माटाको भाँडो उपयोग गर्ने, गुन्द्री ओछ्याउने, गबुआमा दुध दुहने, लोकनृत्य मारुनीका माध्यमबाट मनोरञ्जन प्राप्त गर्नेजस्ता परम्परित जीवनशैली अवलम्बन गर्ने गुरुप्रसाद मैनालीको 'परालको आगो' कथाको नेपाली समाज पर्यावरणप्रति सचेत र

जवाफदेही देखिन्छ । घाँस काट्ने र चराउने संस्कृतिले घाँसलाई बुढो हुनबाट जोगाई त्यसलाई सधैँ हरियो तुल्याउँदै पशु एवम् किरा फट्याङ्ग्राका लागि आहाराका साथै प्राणीका निम्ति अक्सिजनयुक्त स्वच्छ हावाको सिर्जनामा अहम् भूमिका वरण गर्दछ । यसैगरी गोरुले खेत जोत्ने, पधँरामा पानी भर्ने, माटाको भाँडो उपयोग गर्ने, गुन्द्री ओछ्याउने, गबुआमा दुध दुहनेजस्ता नेपाली समाजको व्यवहारले प्रकृतिको अत्यधिक दोहन गरी विभिन्न रासायनिक एवम् अन्य पदार्थको साथमा उद्योगद्वारा उत्पादित पर्यावरणविरोधी वस्तुहरूको उपयोगबाट परम्परित नेपाली समाज विमुख र पर्यावरणप्रति सचेत रहेको कुरालाई प्रस्ट्याइदिएको छ । त्यसैगरी उक्त कथामा वर्णित लोकनृत्यका माध्यमबाट मनोरञ्जन प्राप्त गर्ने नेपाली लोकव्यवहारले ठुलो लगानी र प्रकृतिको दोहनमा निर्मित हुने मनोरञ्जनका ठुल्ठुला साधनलाई निरुत्साहित गर्दै पर्यावरणलाई चर्को ध्वनिप्रदूषणबाट समेत जोगाइदिएको छ । यसरी नै भवानी भिक्षुको ‘कुवा’ कथामा कुवा खनाउने, कुवाको केन्द्रीयतामा आँप, पीपल, निम, बेल, वर, कटहरजस्ता रुखको विरुवा रोपी बगैँचाको निर्मिति गर्ने, कुवाको पानीलाई पेयजल र सिँचाइका रूपमा प्रयोग गर्ने, मन्दिर बनाउने, कुवाकै पानीबाट नुहाई सूर्य, पीपल, तुलसीलाई जल चढाउने, प्राकृतिक वस्तुलाई आफ्नै सन्तानसरह मानी तिनका बिचमा विवाह गराउने, जीवित रुख काट्दा र कम मात्रामा उम्रिएको विरुवा नोक्सान गर्दा ठुलो पाप लाग्ने कुरामा विश्वास गर्नेलगायतका परम्परित नेपाली समाजको पर्यावरणकेन्द्री आचरण र व्यवहारलाई उचित ठहऱ्याइएको छ । गाउँ बसाल्दाकै बेलामा वरपीपलको रुख लगाइनु, वरपीपललाई गाउँको रक्षक ग्राम्यदेवताका रूपमा वरण गरिनु, पीपलमा निरन्तर जलअर्पण गरिनु, लोककल्याणकारी विमर्शको छलफल तिनकै छहारीमा गरिनु, तिनकै सेरोफेरोमा हरेक कार्य सम्पन्न गरिनुजस्ता लोकव्यवहारको चित्रण हुने कार्यले सनत रेग्मीको ‘वरपीपल’ कथाले मान्छे प्रकृतिको सान्निध्यमा जीवनयापन गर्न रुचाएको तथा मानिस र प्रकृतिका बिचमा घनिष्ट सम्बन्ध रहेको कुरालाई छर्लङ्ग्याइदिएको छ ।

भाउपन्थीको ‘बंसाको जङ्गलमा सिकार’ कथाको समाख्यातापात्र ‘म’ को आचरण र व्यवहार पर्यावरणकेन्द्री देखिन्छ । विभिन्न ठाउँबाट तराईमधेसमा आई वनफडानी गरी वस्ती बसाल्ने, सर्वसधारणले लुकिछुपी तथा प्रभुत्वशाली वर्गले वनकर्मचारीसितको मिलोमतोमा वन्यजन्तुको सिकार गर्नेजस्ता पर्यावरण अमैत्री क्रियाकलापको आलोचनात्मक ढङ्गले प्रस्तुत गर्दै उनी संलग्न सिकारटोलीका एक सदस्यले वन्यजन्तुका सिकारका निम्ति बन्दुक पड्काउँदा बन्दुकले काम नगर्दा वन्यजन्तुको ज्यान जोगिँदा अत्यन्त हर्षित हुने घटनावलीका माध्यमबाट उनले एकातिर वन र वन्यजन्तुको संरक्षणका निम्ति सम्बद्ध सबै पक्षलाई संवेदनशील र जवाफदेही बन्न सचेत गराएका छन् भने अर्कोतिर उनी वन र वन्यजन्तुको संरक्षणका निम्ति सचेत देखिएका छन् । उक्त कथाको “...म वन्यजन्तु नमारिएको चामत्कारिक घटनामा मनमनै मनको इच्छा पूरा भएकाले हर्षित थिएँ” (भाउपन्थी, २०६७, पृ. ८७) जस्तो कथांशले ‘म’ पात्र आफूलाई वन्यजन्तुसिकारको विपक्षमा प्रस्तुत गर्न खोजेको कुरालाई प्रस्ट्याइदिएको छ । यसैगरी महेशविक्रम शाहको ‘बुढो, जुरेली र काभ्रोको रुख’ कथाको प्रमुख पुरुषपात्र बुढो रणवीर काभ्रोको रुखमा एउटा मात्र बुढो जुरेली बसेको देख्दा चिन्तित हुनु, बुढो जुरेलीलाई अन्न खान र पानी पिउन दिनु, बुढो जुरेली हराउँदा चिन्ताशील भई राति ननिदाईकनै उसकै प्रतिक्षामा रहनु, अन्य जुरेलीसहित बुढो जुरेली फर्कंदा अत्यन्त खुसी हुनु, ठुठैठुठो भएको काभ्रो रुखमा मुना पलाएको देख्दा हर्षित भई रुखलाई अँगालो हाल्नु, सुम्सुम्याउनु, म्वाइँ खानु, घरभित्र रहेको बन्दुक ल्याई खाडल खनी पुर्नुका साथै त्यसमाथि काभ्रोको विरुवा रोप्नुजस्ता कार्यका माध्यमबाट आफूलाई मानवेतर प्राणी र वनस्पतिजगत्को पक्षमा स्थापित गर्न खोजेको देखिन्छ । उक्त कथाको “रणवीर प्रफुल्ल मुद्रामा घरभित्र पस्यो र भित्तामा झुन्ड्याइएको बन्दुक लिएर बाहिर आयो । उसले बाउसोले आँगन नजिकै खाडल खन्यो

र बन्दुकलाई त्यही खाडलमा पुरिदियो । बन्दुकलाई समाधिष्थ गरेको खाडलको ठिक माथि उसले भरखरभरखर कलिला मुनाहरू टुसाउन थालेको काभ्रोको एउटा बोट रोप्यो" (शाह, २०६८, पृ. ३८) भन्ने कथांशले बुढो रणवीरभित्रको मानवेतर प्राणी र वनस्पतिको अस्तित्वप्रियता, संवेदनशीलता र जवाफदेहितालाई एकातिर बुझाएको छ भने अर्कोतिर मानव र मानवेतर प्राणी एवम् वनस्पतिजगत्ले एकअर्कालाई सघाउने तथा पर्यावरणीय सन्तुलन कायम गर्ने विषयमा बढी जवाफदेही हुनुपर्ने कुरालाई प्रस्ट्याइदिएको छ । उपर्युक्त पाँचओटै कथामा अङ्कित पर्यावरणसम्बन्धी तथ्यहरूलाई दृष्टिगत गर्दा नेपाली कथाका माध्यमबाट पर्यावरणकेन्द्री आचरण र व्यवहारप्रतिको चाहना अभिव्यक्त गर्दै पाठकलाई पर्यावरणको संरक्षण र संवर्द्धनप्रति संवेदनशील र जवाफदेही बनाउन खोजिएको कुरा स्पष्ट हुन्छ ।

## आतङ्क, हिंसा र वनफडानीप्रतिको तीव्र असन्तुष्टि

नेपाली कथामा आतङ्क, हिंसा र वनफडानीप्रतिको तीव्र असन्तुष्टिको चित्रण गरिएको छ । खाना पकाउन विलम्ब गरेको निहुँमा चामेले गौँथलीलाई पिट्ने र गौँथली माइत जाने कारणले भैँसीले दिनभरि खान नपाउनु, दुध दुह्न जाँदा चामेलाई लातले हान्नु, चामेले भैँसीलाई लाठोले हान्दा भैँसी फुकाई कोकलेको मकै समाप्त पार्नुजस्ता गुरुप्रसाद मैनालीको 'परालको आगो' कथाका घटनावलीले पतिपत्नीको सामान्य असावधानीले मानव र मानवेतर प्राणी एवम् वनस्पतिजगत्मा समेत नराम्रो असर पुगेको कुरालाई स्पस्ट्याइदिएको छ । यस असावधानीले चामे र गौँथलीको दाम्पत्यजीवन, भैँसीपालनप्रक्रिया र कोकलेको परिवारलाई वर्षदिन खान पुग्ने मकै बालीमा एकातिर हानी पुगेको छ भने अर्कोतिर गौँथलीले त्यस ठाउँमा घाँस काटी घाँसलाई हरियो र ताजा बनाइराख्ने तथा मकैले निर्धारित समयसम्म प्रदान गर्ने अक्सिजनको कार्य पनि बाधित हुन पुगेको छ । यसैगरी भवानी भिक्षुको 'कुवा' कथामा वनफडानीप्रति विमति जनाइएको छ । प्रस्तुत कथाको "....सके काटिनेछ्यौ, नभए अपमान पाइरहनेछ्यौ" (भिक्षु, २०३२, पृ. ९३) भन्ने कथांशले मानिस दिनप्रतिदिन मानवकेन्द्री हुँदै गएको तथा वनविनाशतर्फ ध्यान केन्द्रित गरेको अवस्थाप्रति उक्त कथामा असन्तुष्टि जनाइएको कुरालाई स्पस्ट्याइदिएको छ । त्यसैगरी सनत रेग्मीको 'वरपीपल' कथामा वर्णित बेलायती सेना र भारतीयहरूका बिचमा युद्ध हुँदा गोला, बारुद, बम र बन्दुक पड्काइएका गतिविधिले ध्वनि र वायु प्रदूषण, हत्या, हिंसा र आतङ्कयुक्त परिवेशको सिर्जना भई वातावरणीय सन्तुलन बाधित भएको तथा दुपेडवा गाउँको एकताको प्रतीक मानिने वरपीपलको रुखमा षाड्यन्त्रिक तरिकाले जमिनदार बलभद्रसिंहले समाजका अगुवा करामत बाबाको हत्या गराई तिनको लास झुन्ड्याउन लगाई पीपलप्रति गाउँलेमा भएको जनविश्वासलाई ह्रासोन्मुख अवस्थामा पुऱ्याएको घटनाले पर्यावरणकेन्द्री कार्यलाई बाधित तुल्याइएको परिस्थितिप्रति चिन्ता र चासो प्रकट गरिएको छ ।

भाउपन्थीको 'बंसाको जङ्गलमा सिकार' कथामा तराईमधेसको वन तीव्र रूपले फडानी गरिएको तथा वन्यजन्तुको सिकार र निकासीलाई तीव्र पारिएको अवस्थाको आलोचनात्मक प्रस्तुति गरिएको छ । उक्त कथाको "....विघटित पञ्चायतका जिल्ला सभापति र त्यता बुटावारी गाउँका एकजना जमिनदार आफ्ना बोर्डिङका बच्चाहरू जिपमा हालेर गाउँबाहिर क्याम्प लगाएर राति सिकार खेल्न गएका थिए । फर्कंदा पछाडि जिपमा मारिएका दूईवटा मृग थिए । .... ठुलाबडालाई केको कानुन"(भाउपन्थी, २०६७, पृ. ८०) जस्तो कथांशले प्रभुत्वशाली वर्गले निर्धक्कतासाथ वन्यजन्तुको सिकार गरेको सन्दर्भलाई आलोचनात्मक ढङ्गले पाठकसमक्ष पुऱ्याइदिएको छ भने सोही कथाको "....यो सम्पूर्ण इलाका जङ्गलले ढाकिएको त थियो तर वनअतिक्रमणले जङ्गल पातलिएको भने हो । परम्पराका रूपमा बसोवास गरेका थारुहरूभन्दा पहाडबाट ओर्लेका सुकुम्बासी भनाउँदाहरूबाट वन मास्ने काम निरन्तर भई नै रहेको थियो"

(भाउपन्थी, २०६७, पृ. ८४) भन्ने कथांशले घना वनका रूपमा रहेको तराईमधेसको जङ्गल त्यहाँका मूल वासिन्दा भन्दा सुकुम्बासीको रूप धारण गरी पहाडबाट आएका व्यक्तिहरूले फडानी गरी अतिक्रमण गरेको वास्तविकताको उद्घाटन यस कथामा गरिएको कुरालाई छर्लङ्ग्याइदिएको छ । त्यसरी नै महेशविक्रम शाहको ‘बुढो, जुरेली र काभ्रोको रुख’ कथामा मान्छेलाई चराहरूलाई दाना र पानी खान तथा बन्दुकलाई माटामा पुर्न एवम् बन्दुक पुरिएको ठाउँमा वृक्षारोपण गर्न र रुखलाई अँगालो हाल्न र म्वाइँ खान लगाई आतङ्क, हिंसा र वनफडानीविरोधी पर्यावरणकेन्द्री विमर्शलाई अत्यन्त कलात्मक ढङ्गले पाठकसमक्ष पुऱ्याइएको छ । उपर्युक्त तथ्यहरूलाई दृष्टिगत गर्दा नेपाली कथामा आतङ्क, हिंसा र वनफडानीप्रति तीव्र असन्तुष्टि प्रकट गर्दै नेपालमा तीव्र रूपले भइरहेको वन्यजन्तुको सिकार र वनफडानीको गतिविधिले नेपालमा पर्यावरणीय समस्या निम्तिन सक्ने कुराको उद्घोषका माध्यमबाट सम्बद्ध सम्पूर्ण व्यक्ति, समाज एवम् राज्य संवेदनशील र जवाफदेही भई वन र वन्यजन्तुको संरक्षणतर्फ विशेष चासो राख्नुपर्ने विमर्श प्रवाहित गर्न खोजिएको निष्कर्ष प्राप्त हुन्छ ।

## निष्कर्ष

प्रकृतिको मानवीकरण, उपभोक्तावादी संस्कृतिप्रतिको वितृष्णा र आध्यात्मिक जीवनपद्धतिप्रतिको अपेक्षा, पर्यावरणकेन्द्री आचरण र व्यवहारप्रतिको प्रतिबद्धता एवम् आतङ्क, हिंसा र वनफडानीप्रतिको तीव्र असन्तुष्टिका माध्यमबाट नेपाली कथामा पर्यावरणसंरक्षण र सन्तुलनकेन्द्री विमर्शको सञ्चार गर्न खोजिएको छ । प्राकृतिक वस्तुमा मानवीय स्वरूप देखी मानवझैँ प्राकृतिक वस्तु एवम् प्राणीजगत्लाई स्वतन्त्रतापूर्वक बाच्ने, अप्ठ्यारा परिस्थितिबाट जोगाउने एवम् सुहाउँदो वातावरण सिर्जना गर्ने कार्य मान्छेले संवेदनशीलताका साथ गर्नुपर्दछ भन्ने डिस्कोर्स नेपाली कथाले पाठकसमक्ष पुऱ्याएका छन् । सुखसुविधा र तात्कालिक फाइदालाई बढी प्राथमिकता दिने उपभोक्तावादी संस्कृतिलाई अदूरदर्शिताका साथ वरण गर्दा प्राकृतिक सम्पदाको अत्यधिक परिमाणमा दोहन भई पर्यावरणीय सङ्कट निम्तिन सक्ने भएकाले त्यस्तो संस्कृतिलाई किनाराकृत गर्दा मात्र पर्यावरणको संरक्षण हुन सक्ने विचार पनि नेपाली कथामा व्यक्त गरिएको छ । प्राकृतिक वस्तुमा ईश्वरीय प्रतिबिम्व देख्ने, प्रकृतिलाई समग्र प्राणी र वनस्पतिजगत्को संरक्षक र उद्धारक ठान्ने, समग्र प्राणी र वनस्पतिको अस्तित्वलाई महत्त्व दिने, मानवको सर्वोपरितालाई अस्वीकार गर्ने एवम् पापपुण्यको अवधारणा प्रस्तुत गर्ने आध्यात्मिक चिन्तनयुक्त जीवनपद्धति अवलम्बन गर्न सके पर्यावरणको संरक्षण र सन्तुलन कायम रहने कुराको उद्घोष उक्त कथामा गरिएको छ । युद्ध, आतङ्क, हिंसा र वनफडानीले समग्र वैश्विक जगत्कै पारिस्थितिक प्रणालीमा प्रतिकूल असर पुऱ्याउने भएकाले त्यस्ता पर्यावरणविरोधी गतिविधिको अन्त्य गरी पर्यावरणलाई पृष्ठपोषण गर्ने प्रकृतिका मानवीय आचरण र व्यवहार अवलम्बन गर्दा पर्यावरणको संरक्षण र सन्तुलन यथावत् रहन सक्ने विचार उक्त कथामार्फत पाठकसमक्ष पुऱ्याइएको छ । तसर्थ समग्र प्राणी, वनस्पति र पर्यावरणको अस्तित्वसँग जोडिएको तथा आधुनिकता, सहरीकरण र उपभोक्तावादी संस्कृतिको प्रभावका कारण दिनप्रतिदिन क्षय हुँदै असन्तुलनतर्फ किनाराकृत हुँदै गइरहेको पर्यावरणीय मुद्दालाई कथ्य विषय बनाई नेपाली कथाले पाठकलाई मानव र मानवेतर प्राणी, वनस्पति एवम् प्रकृतिबिचको अन्तर्सम्बन्ध र अन्तर्निर्भरताको महत्त्व बुझी सोहीअनुकूलको आचरण र व्यवहार आत्मसात् गर्ने विषयमा संवेदनशील र जवाफदेही बन्न अभिप्रेरित गर्न खोजेको देखिन्छ । तथापि समग्र प्राणी, वनस्पति र प्राकृतिक वस्तुको अस्तित्वसित सम्बद्ध पर्यावरणीय मुद्दाको अत्यन्त कलात्मक, जवाफदेही, दूरदर्शी र यथार्थपरक ढङ्गले

अङ्कन गर्दै पर्यावरणलाई जोगाउन सके मात्र मान्छेको अस्तित्व र ज्ञानको सर्वोच्चता कायम हुन सक्ने विमर्श प्राप्त हुनु नै प्रस्तुत लेखको निष्कर्षात्मक प्राप्ति हो ।

## सन्दर्भसामग्री


उप्रेती, सञ्जीव (२०६९). *सिद्धान्तका कुरा.* चौथो संस्क. अक्षर क्रियसन्स नेपाल ।

एटम, नेत्र (२०७४). *सङ्क्षिप्त साहित्यिक शब्दकोश.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

एटम, नेत्र (२०७६). पर्यावरणीय समालोचना. *रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड.* सम्पा. राजेन्द्र सुवदी र लक्ष्मणप्रसाद गौतम. रत्न पुस्तक भण्डार, पृ. ३११–३३२ ।

त्रिपाठी, गीता (२०६९-०७०). नेपाली कवितामा प्रयुक्त पर्यावरणीय सङ्कट र विस्थापनको समस्या. अप्रकाशित शोधकार्य. त्रिभुवन विश्वविद्यालय. मानविकी तथा सामाजिक शास्त्र सङ्काय. कीर्तिपुर ।

त्रिपाठी, गीता (२०७०). सांस्कृतिक अध्ययन र पर्यावरणको अन्तर्सम्बन्ध. *भृकुटी.* (भाग १९. असार). पृ. ११४-१४१ ।

वैद्य, मोहन किरण (२०७७). *मार्क्सवादी समालोचना.* सम्पा. ताराकान्त पाण्डेय. शमी साहित्य प्रतिष्ठान ।

गौतम, कृष्ण (२०६४). *उत्तरआधुनिक जिज्ञासा.* भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

गौतम, कृष्ण (२०६७). *उत्तरआधुनिक संवाद.* भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

भाउपन्थी (२०६७). बंसाको जङ्गलमा सिकार. *तराईमधेसका कथा.* दोस्रो संस्क. सम्पा. परशु प्रधान र नारायण तिवारी. पैरवी प्रकाशन, पृ. ७८-८८ ।

भिक्षु, भवानी (२०३२). *आवर्त.* द्वितीय संस्क. साझा प्रकाशन ।

मैनाली, गुरुप्रसाद (२०७३). *नासो.* एक्काइसौँ संस्क. साझा प्रकाशन ।

रेग्मी, सनत (२०५१). *लछमनियाको गौना.* साझा प्रकाशन ।

शाह, महेशविक्रम (२०६८). *सटाहा.* साझा प्रकाशन ।.

Garrard, G. (2004). *Ecocriticism.* Routledge, Tylor and Francis Group.

Gloft, C., & Fromm, H. (1996). *The Ecocriticism Reader.* The university of Georgia press.